नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ३/२०७५-७६**

मितिः २०७५/०४/२९

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त “क” र “ख” वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**१. एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १/२०७४ मा देहाय बमोजिम बुँदा १.१४ थप गरिएको छ ।**

**१.१४ लगानी वोर्डबाट राष्ट्रिय महत्वको आयोजनाको रुपमा पहिचान भएको र हाल निर्माण शुरु भएको अरुण तेस्रो जलविद्युत आयोजनाको लागि PDA मा उल्लेख भए बमोजिम आयोजनाको विकासकर्ता SJVN- Arun -3 Power development company ले परामर्शदाता/निर्माणकर्ता ठेकेदारलाई दिनु पर्ने भुक्तानीको सटही सुविधा प्रदान गर्नुपर्दा विकासकर्ता कम्पनीबाट कार्यसम्पादन यकीन तथा लगानी वोर्डको कार्यालयबाट सिफारिस भई आएको आधारमा तपसिलमा उल्लेखित कागजातहरुको परीक्षण गरी वाणिज्य बैंकहरुले ठेक्का रकमको सीमा ननाघ्ने गरी सिधै भारतीय रुपैयाँको सटही सुविधा प्रदान गर्न सक्नेछन् । यसरी बैंकले सटही सुविधा उपलब्ध गराउँदा सोको जानकारी लगानी वोर्डको कार्यालय र यस विभागलाई दिनुपर्नेछ ।**

**तपसिलः**

**१. आयोजना विकासकर्ता SJVN- Arun -3 Power development company बाट कार्य सम्पादन भएको व्यहोराको पत्र ।**
**२. लगानी वोर्डको कार्यालयको सिफारिस पत्र ।**
**३. भुक्तानी वापत नियमानुसार तिर्नुपर्ने कर तिरेको प्रमाण ।**
**४. ठेक्का कुल रकमको सीमाभित्र रहेको प्रमाण ।**

भवदीय

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

बोधार्थः
१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ
१७. श्री नेपाल सरकार लगानी बोर्डको कार्यालय